
# भक्तपुरमा प्रचलित भजनहरू

## एक अध्ययन प्रतिवेदन (खण्ड क) २०७६

### पुनः प्रकाशन तथा परिमार्जित संस्करण २०७८





अध्ययनकर्ता

**डा. इन्दुल केसी**

संस्थापक अध्यक्ष - कला संस्कृति भजन महागुठी, भक्तपुर


लागत मूल्य रू. १००/- मात्र

# श्री श्यामसुन्दर - राधा रुकमिणी





**श्री श्यामसुन्दर भजनघरमा भजन गायन कार्यक्रम**

हार्मोनियममा डा. इन्दुल केसी., तबलाबादनमा सूर्यभक्त सुवाल, गायनमा रामकुमार कर्माचार्य, श्रीमती राधा सिलाकार लगायत अन्य गायकहरु

# भगवान्को भजनकीर्तनको सम्बन्धमा

- संस्कृतिविद् सत्यमोहन जोशी
ललितपुर, बखुंबहाल (२०७१ जेष्ठ १० गते)

संसारमा प्रत्येक वस्तु (चाहे चेतन होस् अथवा जड)-को आ-आफ्नो 'आत्मकथा' हुने गर्दछ । यसैले मान्छेको मात्र होइन, एउटा परालको त्यान्द्राको पनि आत्मकथा हुने गर्दछ । यसै प्रसङ्गमा एउटा सान्दर्भिक रोचक प्रसङ्ग जोडौं **"नवधा भक्ति"**-को अर्थात् यो विश्वब्रह्माण्डका स्त्रष्टाप्रतिको नौ प्रकारको भक्तिभाव-


*श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।*
*अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥*

अर्थात् १) ईश्वरको गुणगानको भजन सुन्ने, श्रवण गर्ने, २) ईश्वरको नामको भजन, हरिकीर्तन, नामसङ्कीर्तन गर्ने, ३) ईश्वरको नाम हृदयमा सधैं राखिछोड्ने, ४) ईश्वरलाई सदैव स्वागत गरी सेवाकार्य गर्ने, ५) ईश्वरको सक्दो भक्तिभावले पूजाआजा गर्ने, ६) ईश्वरलाई भित्री हृदयदेखि नै वन्दना, नमस्कार गर्ने, ७) ईश्वरको परमभक्त, सेवक भइरहने, ८) ईश्वरलाई नै आफ्नो हितचित्त मिलेको परममित्र सम्झिराख्ने, ९) पाप लाग्ने कुनै कार्य नगरी शुद्ध मनले ईश्वरलाई परमपिता सम्झेर आफ्नो मनको कुरा बताउने ।

उक्त 'नवधा भक्ति'- अन्तर्गत नै श्रवणकीर्तनको महिमा र गरिमाले भरिएको यो 'चित्रावली'-को पुस्तकका पानाहरू पल्टाउँदै जाँदा 'केशव-सुषमा भजन ज्ञान गुठी'-को चित्रमय आत्मकथा (Pictorial Biography) स्वयमेव सिर्जना भइरहेको हामी पाउँछौं ।

*('भजन र सङ्गीतमा जीवन' केशवराज राजभण्डारीको किताबबाट साभार)*

# भजनका बहुआयामिक पक्ष




यस भजन/कीर्तन चक्रका परिकल्पनाकार
डा. इन्दुल केसी

# भक्तपुरका भजनहरूको अध्ययनको पृष्ठभूमि

मानव जातिको सृष्टिकालदेखि कुनै न कुनै रूपबाट अध्यात्मिक भावनाले प्रेरित भई केही न केही धार्मिक क्रियाकलापहरू गरिआएको देखिन्छ । सभ्यताको सुरू वैदिक काल, जुन बेला ४ वटा पवित्र वेदशास्त्रहरूको प्रादुर्भाव भयो, त्यसपछि विभिन्न ४ वटा उपवेदहरू, १०८ उपनिषद्हरू, श्रीमद्भागवत आदि १८ वटा पुराणहरू, रामायण, महाभारत र गीताजस्ता अनेकौं धर्मग्रन्थहरू तयार भए । यी सबै ग्रन्थहरूमा मानवहरूले पालन गर्नुपर्ने कर्तव्यका बारे चर्चा गरिएको पाइन्छ । यसरी नै ईश्वरको सगुण र निर्गुण रूपको वर्णन तथा भक्तिभावले गर्नुपर्ने पूजा-अर्चना, पाठ, ध्यान, स्तुति, वन्दना, प्रार्थना, भजन, कीर्तनको महत्वका बारे पर्याप्त रूपमा चर्चा-परिचर्चा गरेको पाइन्छ ।

मानव जातिको सभ्यता, कला, संस्कृतिका बारे मानवशास्त्र, मानव-भूगोलले दर्साएबमोजिम मानिसहरूको जन्म-मृत्युका बीचमा गरिने क्रियाहरू खानपान, लवाइ, रीतिरिवाज, मेला, जात्रा, पर्व, संस्कारको कुरा गर्दा तिनीहरूले बोल्ने भाषाका साथै तिनीहरूका वेशभूषा, गीत, सङ्गीत र धार्मिक क्रियाकलापहरू समेत गाँसिएर अएका हुन्छन् ।

हिन्दूहरूका धर्मग्रन्थमा झैं अन्य धर्मग्रन्थहरू, जस्तै बुद्ध धर्मको त्रिपिटक, क्रिस्चियन धर्मको बाइबल, मुस्लिम धर्मको कुरानलगायतका ग्रन्थहरूमा आआफ्ना मान्यताअनुसारको ईश्वरको भजनकीर्तन, गायन, कला, संस्कृतिहरूका बारे वर्णन गरिएको पाइन्छ । हिन्दुहरूका मन्दिर, देवालय, शिवालय, क्रिस्चियनहरूको चर्च, मुस्लिमहरूको गिर्जाघर, शिखहरूको गुरूद्वारा सबैमा आ-आफ्ना आस्था र विश्वास, प्रचलनअनुसार विभिन्न वाद्यवादन प्रयोग गरी सङ्गीतमय भजन हुने गरेको देखिन्छ । तेह्रौं शताब्दीमा आनन्ददेवले भक्तपुर सहरको निर्माण गर्दा यस सहरको चारैतिर तान्त्रिक विधिअनुसार अष्टमातृका पीठहरू ब्रह्मायणी पीठ - पवित्र ब्रह्मायणी नदी (घाट), माहेश्वरी पीठ - माहेश्वरी - ब्रह्मघाट, कौमारी पीठ - कुमारीघाट, भद्रकाली पीठ - चुपिंघाट, वाराही पीठ - मङ्गलतीर्थ घाट, इन्द्रायणी पीठ - सिद्धपोखरी, महाकाली पीठ - कासङ्खुसी - कालीघाट,

महालक्ष्मी पीठ - कमलपोखरी, त्रिपुरासुन्दरी पीठ - हनुमान घाटहरूमा स्नान, तर्पण, कर्मकाण्ड, श्राद्ध, देवदेवीको दर्शन, पूजा, अर्चना, भजन गर्ने स्थानहरूसमेत निर्माण भएको पाइन्छ । भक्तपुर नगरभित्र उल्लिखित अष्टमातृकादेवीहरूका द्योछे (देवगृह) कलात्मक मन्दिरहरू पनि छन् ।

भक्तहरूको निवास गर्ने सहर भएकाले यसको नाम पनि विभिन्न कालखण्डमा खोप्रिङ (ख्वप), भक्तग्राम (भादगाउँ), भक्तपुर रहन गएको देखिन्छ । संयुक्त राष्ट्रसंघ अन्तर्गतको युनेस्कोले विश्वसम्पदा सूचीमा समावेश गरेको भक्तपुर सहरलाई मन्दिरैमन्दिरले भरिएको सहर पनि भन्न सकिन्छ । यहाँ विश्वप्रसिद्ध ङाता पोल्हँ (पाँचतले सिद्धिलक्ष्मी मन्दिर) देग, भैरवनाथ (भारतको काशी विश्वनाथको शिर रहेको मानिएको मन्दिर), दत्तात्रय मन्दिर, वाकुपति नारायण मन्दिर, तिलमाधव नारायण मन्दिर, तुलजा भवानी (तलेजु) को मन्दिर, पशुपतिनाथको मन्दिर, श्री वत्सलादेवीको मन्दिर, चारधामहरू - बद्रीनारायण, केदारनाथ, जगन्नाथ, रामेश्वर मन्दिर र मङ्गलेश्वर महादेव मन्दिरलगायत विभिन्न टोलहरूमा विभिन्न देवदेवीहरूका सयौँ मन्दिरहरू छन् । उल्लिखित शक्तिपीठहरू, मन्दिरहरू, सत्तल-पाटी, भजनघरहरू पनि छन् । यी सबै स्थानहरूमा विभिन्न नामका भजन समूह (गुठी)हरू छन् ।

जगदीश शमशेर राणा तथा नारायणमान बिजुक्छेले भक्तपुरलाई नाचगानको राजधानी भनी किताबहरू प्रकाशन गर्नुभएको थियो । नाचगान भन्नासाथ कला, संस्कृतिसँग जोडिन्छ । भजनमा वाद्यवादन, भक्तिसङ्गीत, गायनहरू प्रमुख पक्षका रूपमा रहेका हुन्छन् । कलालाई मूर्त कला र अमूर्त कला भनी दुई समूहमा विभक्त गरिन्छ । मूर्त कला भन्नाले देखिने वस्तुयुक्त कला र अमूर्त कला भन्नाले नदेखिने केवल अनुभव गर्ने विषयका रूपमा लिइन्छ । सङ्गीतलाई अमूर्त कलाका रूपमा लिइन्छ । कानले सुन्ने, मनले अनुभव गर्ने तर नदेखिने हुनाले अमूर्त भन्ने गरिएको हो । भजनकीर्तनमा प्रयोग हुने विभिन्न वाद्यसाधनहरू र ती वाद्यसाधनहरूको प्रयोग गरिने कला भने देख्न सकिन्छ । त्यसैले भजनमा मूर्त र अमूर्त कला दुवै पक्षहरू समावेश भएका हुन्छन् । सङ्गीत शास्त्रीय रूपले गायन, वादन र नृत्य गरी यसको तीन पक्ष रहेको मानिएको छ । भजन गर्दा

कतिपय समयमा यी तीनै पक्ष संयुक्त रूपमा सँगसँगै प्रयोग भएको पनि पाइन्छ । नाचको अर्थ शरीरका विभिन्न अङ्गहरू हातखुट्टा, कम्मर, आँखा इत्यादिलाई सङ्गीतको सुर र तालमा विभिन्न भावभङ्गीका साथ चलाएर अभिनय गर्नु हो । भजन गर्दा भावविभोर भएका भक्तहरू नाच्तछन् । यसरी भजनमा आध्यात्मिकता, धर्म, भक्त, भक्ति, सङ्गीत, कला, संस्कृति सबैको एकाकारका रूपमा रहेको हुन्छ । यसैले भजन समाजको महत्त्वपूर्ण पक्षका रूपमा रहेको पाइन्छ ।

प्राचीन कालमा भक्तपुरका अधिकांश मानिसहरूको दैनिक जीवनका क्रममा उषाकालमा, भालेको डाकसँगै, ब्रम्हमुहूर्तमा निद्राबाट ब्युँभेर आ-आफ्नो टोलको नजिक रहेका पवित्र नदी, पोखरी, कुण्ड, ढुङ्गेधारा, इनारमा स्नान गरी विभिन्न देवीदेवताहरूको दर्शन गर्न मन्दिरहरूको परिक्रमा गर्ने, स्वच्छ हावा, प्रदूषणरहित वातावरणमा प्रातःभ्रमण गरी पूजा, पाठ, अराधनाका साथै भजन, कीर्तन गर्न आ-आफ्ना भजन मण्डलहरूमा सहभागी हुने गर्दथे । यो परम्पराले आफ्नो कला, संस्कृतिलाई जीवन्त बनाइआएको देखिन्छ । यसरी नै सन्ध्याकाललगायत रातको पहिलो प्रहरसम्म पनि प्रत्येक टोलटोलमा रहेका मन्दिर, पाटी, सत्तल, भजनघर हरूमा विभिन्न वाद्यसाधनहरू प्रयोग गरी सङ्गीतमय भजन गायन गरिने कार्य वर्तमान समयमा पनि चलिरहेको देख्न सकिन्छ ।

भक्तपुरमा विशेष गरी मल्ल राजाहरू भूपतीन्द्र मल्ल, रणजीत मल्ल, राजपरिवारका सदस्य, भारदार, विभिन्न थर र जातमा विभक्त जनसमुदायहरूको एकताको केन्द्रका रूपमा रहेको भजनका माध्यमले आध्यात्मिक उन्नतिलाई मध्यनजर राखी विभिन्न नामका भजन मण्डल (समाज, गुठी) हरू स्थापना भएको बुझिन्छ । तत्कालीन समयमा भक्तपुरमा करिब २०० वटा भजन समूह-गुठीहरू भएको बताइन्छ । तर यसको निश्चित तथ्याङ्क अहिले यकिन गरी भन्न कठिन छ । भक्तपुरमा सयौ वर्षभन्दा पहिलेदेखि स्थापना भई सञ्चालन भइरहेका भजन गुठीहरू विविध कारणले क्रमशः घट्तै गएका छन् । हाल यहाँ करिब ५० वटाजति भजनमण्डलहरू येनकेन मुस्किलले चालु रहेको अवस्था छ । यसै कुरालाई दृष्टिगत गरी भजनहरूको वर्तमान अवस्थालाई पहिचान गर्न यो अध्ययन

गरिएको हो ।

**अध्ययनको प्रमुख उद्देश्य :**

यस अध्ययनका प्रमुख उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ - (क) सञ्चालित भजनहरूको ऐतिहासिक एवं वर्तमान अवस्थाको पहिचान गर्ने । (ख) कला र संस्कृतिसँग सम्बन्धित निकायहरू केन्द्रीय सरकार, स्थानीय सरकार, संघ-संस्था, गुठी र सरोकारवाला व्यक्तिहरूलाई उक्त कुराको जानकारी दिई भजनकला, संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्न अभिप्रेरित गर्ने । (ग) भक्तपुरको भजनकलाको संस्कृतिका बारे अध्ययन-अनुसन्धान गर्न चाहने महानुभाव एवं संस्थाहरूलाई यसबारे अझ व्यापक र विस्तृत रूपमा अध्ययन गर्न/गराउन लगाउन सघाउ पुऱ्याउने ।

**अध्ययन विधि :**

यस अध्ययनका लागि निम्नलिखित विधिको अवलम्बन गरिएको छ - (क) सम्बन्धित विषयका धार्मिक ग्रन्थ तथा अन्य पुस्तकहरू, भजनमा प्रयोग भइरहेका विभिन्न ठ्यासफूलगायतका भजन-गायनसम्बन्धी किताबहरू र अन्य सन्दर्भ पाठ्यसामग्रीहरूको अध्ययन । (ख) हाल सञ्चालनमा रहेका ५० वटा विभिन्न भजन मण्डलहरूलाई १९ वटा प्रश्नहरू रहेको भजनसम्बन्धी अध्ययन प्रश्नावली वितरण र वितरित फर्महरूमध्ये फिर्ता प्राप्त हुन आएका २९ वटा भजनहरूको विवरणको अध्ययन र विश्लेषण । (ग) सञ्चालन भइरहेका भजन मण्डलहरूमा यो अध्ययनकर्ता स्वयं स्थलगत उपस्थित भई भजन सञ्चालनको विधि अवलोकन, भजन गर्दा प्रयोग भएका वाद्यवादन र सङ्गीत श्रवण । (घ) भजनका नाइकेहरू, वाद्यवादक गुरूहरू, भजन गाउने भजनियाहरूसँग छलफल, अन्तक्रिया, अन्तर्वार्ता ।

**अध्ययन अवधि :**

यस अध्ययन वि. सं. २०७६ साल श्रावण महिनादेखि २०७६ साल मार्ग महिनासम्म गरी ७ महिनासम्म गरियो ।

**प्रश्नावली फर्म र सङ्कलन :**

हाल चलिरहेका ५० वटा भजन मण्डलहरूमा प्रश्नावली फर्म

वितरण गरिएकोमा फिर्ता हुन आएका निम्नलिखित २९ वटा (५८%) का विवरणहरूलाई यस अध्ययनको मूल अधार मानिएको छ ।

| क्र.सं. | भजनको नाम | ठेगाना | स्थापना भएको समय |
|---|---|---|---|
| १. | आकाशभैरव नौबाजा भजन | टौमढी | वि.सं. १८६७ |
| २. | दत्तात्रय दाफा भजन | तचपाल | वि.सं. १८९२ |
| ३. | वाकुपति चाँगुनारायण नौबाजा भजन | सूर्यमढी | परापूर्वकाल |
| ४. | छुमा गणेश दाफा भजन | चोहेछे ब्यासी | २०० वर्षपहिलेदेखि |
| ५. | पुलाँख्यो दाफा भजन | वाराही पीठ | ने. सं. ८९३ |
| ६. | लाक्वलाछें त्वाले दाफा भजन | लाक्वलाछें | परापूर्वकाल |
| ७. | ज्याथा गणेश दाफा भजन | तालाक्व बोलाछे | उल्लेख नभएको |
| ८. | त्वाचा गणेश दाफा भजन | त्वाचा सूर्यमढी | १०० वर्षभन्दा पुरानो |
| ९. | भद्रकाली ढाल्चा भजन | भेलुखेल | उल्लेख नभएको |
| १०. | इखालाछी ढाल्चा भजन | बोलाछै | लिच्छविकाल भनिएको |
| ११. | गय भिंद्यो ढाल्चा भजन | भेलुखेल | परापूर्वकाल |
| १२. | वाराही पीठ ढाल्चा भजन | वाराही पीठ | ने. सं.१०१० फाल्गुन १५ |
| १३. | वाराही द्योछें ढाल्चा भजन | तेखाचो | उल्लेख नभएका |
| १४. | सुपूर्णेश्वर ढाल्चा भजन | माहेश्वरी पीठ | ने.सं. ९७१ |
| १५. | सूर्यविनायक ढाल्चा भजन | सूर्यविनायक | उल्लेख नभएका |
| १६. | राम मन्दिर ढाल्चा भजन | राममन्दिर बोलाछें | वि.सं.१९७८ |
| १७. | महाकाली रास भजन | महाकाली पीठ | वि.सं. २००० |
| १८. | त्रिपुरासुन्दरी रास भजन | तुलाछें | वि.सं.१९९२ |
| १९. | श्यामसुन्दर रास भजन | मङ्गलाछें | वि.सं.१९९३ |
| २०. | वाराही पीठ रास भजन मण्डल | वाराही पीठ | वि.सं.२००३ |
| २१. | गणेश भजन खलः | भार्बाचो | वि.सं.२०१६ |

| | | | |
|---|---|---|---|
| २२. | पाताल गणेश भजन | गाहिटी | वि.सं.२०२२ |
| २३. | निष्कलङ्केश्वेर रास भजन | कमलविनायक | वि.सं. २०३० |
| २४. | दधिविनायक भजन | टिबुकछेँ | उल्लेख नभएका |
| २५. | श्रीकृष्ण रास भजन | चुपिँघाट | गणेश भजन |
| २६. | ब्रह्मायणी रास भजन | तौलाछेँ | ने.सं.१०० |
| २७. | चण्डेश्वरी भजन मण्डल | चासुखेल | उल्लेख नभएका |
| २८. | छुमा गणेश ढल्चा भजन | तुछिमला | परापूर्वकाल |
| २९. | मुलाखु गणेश दाफा भजन | मुलाखु | उल्लेख नभएका |

## भजनहरुको वर्गीकरण र त्यसको आधार :

ईश्वरको भजन गर्ने भजन मण्डललाई जुनसुकै नाम दिए तापनि आखिर भजन भनेको भजन नै हो, तर अध्ययनका सिलसिलामा भजनहरूलाई विभिन्न नाममा वर्गीकरण गरिएका छन् ।

वर्गीकरणअनुसार भक्तपुरमा हाल नौबाजा भजन, दाफा भजन, ढल्चा (ढोलक) भजन, आधुनिक रास भजन, ज्ञानमाला भजन, नारी समूह भजन, रामायण भजन, कविर भजन, ओशो भजन, ब्रह्मानन्द भजन, साई भजन, ॐ शान्ति भजन इत्यादि नामले भजनहरूको समूह छुट्याउने गरिन्छ ।

यस अध्ययनमा उल्लिखित समूहहरूमध्ये प्रारम्भका केवल नौबाजा र दाफा भजन, ढल्चा भजन र रास भजनलाई मात्र केन्द्रित गरिएको छ । उक्त ३ प्रकारका मूल आधार ती भजनहरूमा प्रयोग गरिने वाद्यसाधनहरू र त्यहाँ प्रयोग भइआएको भजन-गीतरचनालाई मानिएको छ ।

## नौबाजा भजन र दाफा भजन :

भक्तपुरमा रहेका यी भजनहरूमा ९ वटा बाजालाई मुख्य बाजाका रूपमा प्रयोग गरिन्छ । ती हुन् - लालाखिं, करखिँ, ढाँचा, कोता, पछि माय् (मृदङ्ग), ढलक (ढोलक), कोखिंचा, नगरा, नाखिंचा । उक्त ९ वटा प्रमुख बाजाहरूका अतिरिक्त सहायक अन्य बाजाहरू हुन् - ताँ, बबचा, झ्याली, छ्यालीमाली, महाली (कुसले बाजा), प्वङा, शङ्ख, डमरू ।

दाफा भजनमा उल्लिखित ९ वटा बाजाहरूमध्ये लालाखि (मृदङ्ग), प्वङा, ताँ, भ्याली (ख्वालीमाली) बाजाहरूको प्रयोग गरिन्छ । यसरी नौबाजा भजन र दाफा भजनमा प्रयोग गरिने बाजाको फरक कुराबाहेक अन्य प्रायः सबै कुरा समान छन् ।

भजन गर्दा भजनियाहरू दुई समूहमा विभक्त भई बस्छन् । भजन सुरु गर्दा सर्वप्रथम लालाखिँ बाजाको अवाज निकाल्दछन् । त्यसपछि द्योल्हाय्गु (मङ्गलाचरण) गर्दा केवल एकछिन लालखिं, ताँ र प्वङा बाजा मात्र बजाइन्छ । त्यसपछि भजनमा उपस्थित सबैले गुरूहरूलाई भागिया भनी अभिवादन गर्दछन् । भजनगायनको सुरूमा जुन भजन गरिने हो, त्यसका देवतालाई विशेष प्रकारको शब्दध्वनि (न न न न इत्यादि) एकजना थकाली गुरूले आह्वान गर्छन् । त्यस बेला लालाखिँ बाजाको आवाज निकालिएको हुन्छ । यसका साथै प्रस्तुत हुने भजनमा एकजनाले रागको ध्वनि बोलेको हुन्छ ।

भक्तपुरका नौबाजा भजन र दाफा भजनमा प्रयोग हुने रागका नामहरू शास्त्रीय सङ्गीतका केही रागका नामहरूसँग मिल्छन्, केही भिन्नै नामका छन् । दाफा भजनहरूमा प्रयोग हुने रागहरूका नाम यी हुन् - मालः, सारङ्ग, कःसि, जयश्री, विजय मालश्री, धनाश्री, कोला, रामकलि, असाबारी, विभास, गौरी, काफी, मेघमल्लार, केदार, कान्धला, भथ्यारी, श्याम, मङ्गल, सोरथ, भुपारी, बल्लारी, इमन, न तः, जाजवन्ती, वसन्त ।

उल्लिखित रागहरूमध्ये हाल राग लिन जान्ने व्यक्तिहरू धेरैजसोको निधन भइसकेकाले केही रागहरू मात्र प्रयोगमा आइरहेका छन् । यसरी नै प्वङा फुक्ने मानिसहरू पनि अब सबै भजनमा छैनन् । त्यसैले यी भजनको विशेषताका रूपमा रहेको प्वङा पनि बिस्तारै लोप हुने देखिन्छ ।

## ताल :

नौबाजा भजन र दाफा भजनहरूमा प्रयोग हुने लालाखिँ, पछि माय् (मृदङ्ग) एवं ढोलक बाजा बजाउँदा तालको मुख्य स्थान रहेको पाइन्छ । तालको अर्थ सङ्गीतशास्त्रमा समयको मापन हो । वाद्यवादनबाट निस्कने आवाजलाई बोल भनिन्छ । बोलहरूको संयोजनका आधारमा विभिन्न

तालका नाम दिइएको हुन्छ । उल्लिखित भजनमा प्रचलित तालहरूका केही नामहरू हुन् - प्रताल, जति, धरञ्जति, चो, अष्टरा, पालिमो, एकतारी अदि । यी वाद्यवादनका धेरै गुरूहरू पनि स्वर्गे भइसकेका छन् । हाल भक्तपुरमा वाद्यवादक गुरूहरू र वाद्यवादकहरू पनि धेरै कम भइसकेका छन् ।

**भाषा र भजन :**

भजन गायनका लागि रचना गरिएका भजनका गीतहरूमा प्रयोग भइरहेका भाषाहरूमा संस्कृत भाषा, नेवारी (नेपाल) भाषा, मैथिली भाषा र अवधी भाषाहरू छन् । प्रायः अधिकांश भजनहरूमा जयदेवले रचना गरेका श्रीकृष्णका विभिन्न लीलाका २५ वटा संस्कृत भाषाका, विद्यापतिले, मल्लराजाहरूले तथा अन्य रचनाकारहरूले तयार गरेका संस्कृत भाषा, नेपाल भाषा, नेपाली भाषा, हिन्दी भाषा, मैथिली भाषा, अवधी भाषा आदि भाषाका छन् ।

शिव, पार्वती, नारायण, रामसीता, कृष्ण, गणेश आदि विभिन्न देवदेवीहरूका गुण, चरित्र, लीलाहरूका सगुण, निर्गुण भजनहरू ऋतु, काल, समयअनुसार भजन गाउने गरिन्छ ।

**ढल्चा (ढोलक) भजन :**

ढल्चा भजनमा प्रमुख वाद्यसाधनका रूपमा ढल्चा (ढोलक) प्रयोग गरिने भएकाले भजनमण्डललाई नै ढल्चा भजन भन्ने गरिन्छ । यहाँ ढोलकका अतिरिक्त पछि माय् (मृदङ्ग); झ्याली, कर्ताल, छुस्या-भुछ्या, टिनटिन, ताँ, डमरू, धाँ, करखिं, नाय्खिं, घण्टा इत्यादि बाजाहरू पनि प्रयोग गरिन्छ । तर सबै भजनहरूमा उल्लिखित सबै बाजाहरूमध्ये अहिले केही वाद्यसाधनहरूको मात्र प्रयोग भइरहेको पाइन्छ । २०५९ सालमा भक्तपुर नगरपालिकाको मुखपत्र 'भक्तपुर मासिक पत्रिका' मा १९ वटा ढल्चा भजनहरूको तथ्याङ्क र केही अन्य विवरण प्रकाशित भएको थियो । तर यहाँका बूढापाका, ज्येष्ठ नागरिकको भनाइअनुसार भक्तपुरमा ढल्चा भजनको सङ्ख्या करिब ३० वटाजति थियो । यस अध्ययनका लागि

वितरण गरिएका फारमहरूमध्ये फिर्ता हुन आएका फारमहरूको विवरणमा आधारित भई विश्लेषण गर्दा सङ्गीतमय ढल्चा भजनहरू विभिन्न मन्दिर, नदी, तीर्थस्थल, सत्तल, पाटी, भजनघरहरूमा साँझ-बिहान सञ्चालन भएको देखिन्छ ।

ढल्चा भजनको सुरूमा द्योल्हाय्गु (मङ्गलाचरण) भनी केवल शङ्ख, ढोलक, डमरू, झ्याली बजाई एकछिन आराध्यदेव ईश्वरलाई सङ्गीतमय रूपमा अहवान गरिन्छ । दाफा भजनहरूमा जस्तै ढल्चा भजनमा राग अलाप्ने कार्य गरिँदैन ।

यसमा प्रयोग गरिने ढल्चा (ढोलक) र पछि माय् वाद्यसाधनका प्रचलित तालहरूमा प्रताल, ब्रह्मताल, खरजति ताल, डेढा इत्यादि हुन् । यी भजनहरूमा पनि जयदेवद्वारा रचित गीत गोविन्दका २५ वटा संस्कृत भाषामा लेखिएका भजनहरू प्रयोग हुन्छन् । यसका अतिरिक्त गणेश, शिव, नारायण तथा अन्य देवदेवीहरूका पञ्चभजन गाइन्छ । ढल्चा भजनमा पनि संस्कृत, नेवारी इत्यादि भाषाका गीत रचनाहरू छन् । भजनको अन्त्यमा दीप बाल्नुकासाथै आरती भजन गरी समाप्त गरिन्छ ।

ढल्चा भजनमा प्रयोग हुने प्रमुख वाद्यसाधन ढोलक र मृदङ्ग हुन् । उक्त बाजामा बजाइने खिँषु (ताल) हरूमा चल्ती (कहरूवा), जति-खरजति, डेढा (कहरूवा), प्रताल (रूपक), ब्रह्मताल, रेखा (दादरा) को बढी प्रचलन भइरहेको पाइन्छ । ढोलक र पछि माय् (मृदङ्ग) को तालका बोलहरूमा केही फरक पाइन्छ ।

## रास भजनः

भक्तपुरमा प्रचलित प्राचीन नौबाजा दाफा भजन र ढल्चा भजनपछि तेस्रो समूहमा 'रास भजन' लाई मानिएको छ । यहाँ रास भजनको प्रचलन वि. सं. १९५० पछि मात्र सुरू भएको भनिन्छ । रास भजनको अर्थ श्रीकृष्णका विभिन्न लीलाहरूमध्ये रासलीलाको भजन हो । यसलाई विशेष भजनगीतको प्रयोग गरिने भएकाले रास भजन नाम दिइएको देखिन्छ । यस भजनका प्रमुख वाद्यसाधन हार्मोनियम र तबला हुन् । यीबाहेक रास भजनमा पनि शङ्ख, डमरू, भ्याली, कर्ताल, ढोलक, टिन्छु, खैजडी

इत्यादि वाद्यसाधनहरू प्रयोग भएको देखिन्छ ।

भक्तपुर नगरको माथिल्लो टोल सूर्यमढी, दत्तात्रयदेखि तल्लो टोल वंशगोपाल, भार्वाचो टोल तथा अष्टमातृकाका पीठहरूमा पनि रास भजन मण्डलहरू सञ्चालन भएको देखिन्छ । रास भजनमा श्रीकृष्णको व्रज भाषामा रचिएका जन्मलीला, बाललीला, जलभरणलीला, रासलीला, नागलीला, उधोलीला, गोवर्द्धनलीला, अन्तर्धानलीला इत्यादिलगायतका २०९ वटा भजनगीतहरू पाइन्छन् । यी भजनगीतका अतिरिक्त यहाँ ब्रह्मानन्दले रचेका ५०० वटा भजनहरूमध्ये केही भजनहरू, महात्मा सुरदास, मीराबाई, कविरदास, विद्यापति र मल्लराजाहरूले रचेका नेपाल भाषाका भजनहरू, प्रख्यात भजनगायक नातिकाजी, भक्तराज आचार्य, भक्तराज राजभण्डारी, कृष्णबहादुर मानन्धर, कविप्रसाद गौतम आदिले रचेका भजनहरू पनि प्रयोग भएको पाइन्छ ।

भक्तपुरका भजनगीतका रचनाकारहरूमा गणेशबहादुर कर्माचार्य, भजनगुरू गोविन्दमानसिंह राजभण्डारी, गोविन्दहरि जङ्गम, नारायणसुन्दर भोमीलगायत छन् र धेरै रचनाकारहरूले रचेका भजनका पुस्तक-पुस्तिकाहरू प्रकाशित भएको पाइन्छ । उहाँहरूले रचेका भजन आफैले तरज (लय) राखी आफैले वाद्यसाधनहरू प्रयोग गरी भजन गरेको धेरैले देखेसुनेका छन् ।

## हार्मोनियम वाद्यसाधन :

यो वाद्यसाधनमा पर्दाहरूको सङ्ख्या ३६, ३७, ३९ र ४१ हुन्छन् । यी पर्दाहरूलाई मन्द्र, मध्य र तारसप्तक नामले ३ भागमा विभक्त गरिएको हुन्छ । हार्मोनियम बाजाबाट निस्कने स्वरहरू सा. रे. ग. म. प. ध. नि. सातवटा हुन्छन् । यी पर्दाहरूमा तलतिर क्रमशः २१ वटा सेता पर्दा र माथितिर १५ वटा काला पर्दा हुन्छन् । प्रत्येक सप्तकमा ७ वटा शुद्ध स्वर तथा ५ वटा काला पर्दामध्ये म एउटा तीव्र स्वर, अरू रे. ग. ध. नि. चारवटा विकृत स्वर हुन्छन् । सा. प. दुईवटा अचल स्वर मानिन्छन् । पर्दाहरू क्रमशः आरोह वा माथितिर चढ्दै जाने र क्रमशः अवरोह वा तलतिर झर्दै जाने हुन्छन् । यिनै पर्दाहरूलाई थिचेर निस्कने अवाजमध्ये ढिलो गतिलाई

मन्द्र लय, ठीक गतिमा बजेको स्वरलाई मध्यलय तथा छिटोछिटो निस्कने अवाज (सुर) लाई द्रुतलय भनिन्छ । शास्त्रीय सङ्गीतका अधारमा मन्द्र, मध्य र तारसप्तकहरूका विभिन्न स्वरहरूको सम्मिश्रणबाट सङ्गीत (लय) तर्जुमा गरी सोही सङ्गीतका आधारमा भजन गायन गरिन्छ ।

## तबला वाद्यसाधन :

मृदङ्ग एउटा वाद्यसाधनलाई दुई खण्डमा विभक्त गरी बनाएको दायाँतर्फको भागलाई तबला र बायाँतर्फको भागलाई वाम भनिन्छ । तर यी दुवैको संयुक्त नामलाई तबला भन्ने गरिन्छ । तबलावादनमा यसबाट निस्कने ध्वनिलाई बोल भनिन्छ । विभिन्न बोलहरूको सम्मिश्रणलाई ताल भनिन्छ । तबलावादनमा बोलहरूलाई समूहीकृत गरिन्छ । सुरूको आवाजलाई सम भनी गुणन चिह्न र कुनै आवाज ननिस्कने समयलाई खाली भनी शून्य चिह्न दिइन्छ । अरू अवाजहरूलाई १, २, ३ गरी गन्ती गर्दा प्रत्येकलाई ताली भनिन्छ । तालका आधारमा कुनै बेला फेक पनि भनिन्छ । तबलाको मात्र छुट्टै अवाज, वामको मात्र छुट्टै आवाज तथा दुवैको सम्मिश्रण भई एकैसाथ निस्कने गरी तबलामा १० वटा ध्वनि भएको मानिएको छ । यसरी निस्कने ध्वनिका सङ्ख्यालाई मात्रा भनिन्छ । यहाँ प्रचलित रास भजनहरूमा प्रायः एक ताल (बाहू मात्रा), तीन ताल (सोह्र मात्रा), कहरूवा ताल (आठ मात्रा), रूपक ताल (सात मात्रा), दादरा ताल (छ मात्रा), झप ताल (दस मात्रा), दिपचण्डी ताल (चौध मात्रा) इत्यादि प्रयोग भइरहेको पाइन्छ ।

## भक्तपुरका भजनहरूले वर्षदिनमा मनाइअएका पूजा, पर्व र भजन-भ्रमण :

भक्तपुरका भजन मण्डलहरूले मनाइआएका पर्वहरूमा आ-आफ्ना भजनका वार्षिक विशेष भजन (दारू पूजा), विभिन्न जात्राहरू (बिस्केटजात्रा, गाईजात्रा, नवरात्र, कृष्णजन्माष्टमी, रामनवमी, शिवरात्री, एकादशी, पूर्णिमा, चतुर्मास, माघ महिना, फागूमहिना (होली) इत्यादि बेलामा विशेष भजन कार्यक्रम सञ्चालन हुनेगर्छन् । यहाँ विभिन्न भजनहरू आफ्नो नित्य भजन

गर्ने स्थानका अतिरिक्त अन्य विभिन्न स्थानका देवदेवीहरू मनकामना, पोखरा विन्ध्यवासिनी, सूर्यविनायक, जलविनायक, चाँगुनारायण, दोलखा भीमसेनस्थान, साँखु वज्रयोगिनी, शालीनदी, पलान्चोक भगवती, डोलेश्वर इत्यादि स्थानहरूमा बेलाबेलामा भजन गर्न जाने प्रचलन छ ।

## भजन प्रशिक्षण :

भजन सञ्चालनको निरन्तरताका लागि समय-समयमा भजन गायन र वाद्यवादन प्रशिक्षण कार्य सञ्चालन हुनु आवश्यक छ । कतिपय भजनियाहरू आफ्नो कालगतिका कारण मृत्यु हुने, कतिपय जीविकाका लागि अन्यत्र जानुपर्ने र कतिपय आफ्नो घरथलो छाडेर अन्यत्र बासस्थानमा बसाइसराइ गरी जाने भएकाले भजन सञ्चालन गर्ने भजनियाहरू कम हुँदै जानु स्वाभाविकै हो । त्यसैले यस प्रकारको प्रशिक्षण कार्य समय-समयमा भइरहनु आवश्यक छ ।

विगत ५ वर्षभित्र केही भजन मण्डलहरूले आफ्ना भजन मण्डलको आवश्यकताअनुसार गायन र वाद्यवादन प्रशिक्षण गरेको जनाएका छन् । तर कतिपय भजन मण्डलहरूमा आवश्यक खर्च गर्ने रकमको अभाव, कतै प्रशिक्षण दिने गुरू वा प्रशिक्षकको अभाव र कतै प्रशिक्षण लिने प्रशिक्षार्थीको अभाव रहेको अवस्था छ ।

## भजन सम्मेलन :

भक्तपरका उल्लिखित केही भजन मण्डलहरूले दाफा भजन सम्मेलन, ढल्चा भजन सम्मेलन तथा रास भजन सम्मेलन बेलाबेलामा गर्ने गरेको पाइन्छ । यस प्रकारको सम्मलेनमा काठमाडौं, ललितपुर, मध्यपुर ठिमी, बनेपालगायतका अन्य भजन मण्डलहरूलाई आमन्त्रण गरी सम्मेलन गरिएको पाइन्छ । आ-आफ्ना भजन मण्डलहरू पनि आफूलाई आमन्त्रण भएमा त्यस प्रकारका भजन सम्मेलनहरूमा भाग लिन जाने गरेको पाइन्छ ।

यस प्रकारको भजन सम्मेलनको आयोजनाले भजन मण्डलहरूका बीचमा आपसी सम्बन्ध बढाउनुका साथै अन्य भजन मण्डलहरूले गाउने-बजाउने तौरतरिकाहरू जान्ने, बुझ्ने र बुझाउने अवसर प्राप्त हुने गर्दछ ।

## भजनमा संलग्न भजनियाहरू :

हाल सञ्चालन भइरहेका भजनका नाइके भजनगुरूहरू र धेरै भजनियाहरू दिवङ्गत भइसकेका छन् । अब भजनगुरूहरूका सङ्ख्या ज्यादै न्यून भइसकेको छ । तिनीहरूसँग रहेको भजनसम्बन्धी ज्ञान र सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्ने कार्य यथाशीघ्र हुन नसके भक्तपुरको भजन कलासंस्कृति नै समाप्त हुने हो कि भन्ने आशङ्का उब्जिन थालेको छ ।

हाल चलिरहेका भजनहरूमा उमेरका हिसाबले ९०-९५ वर्षसम्मका ज्येष्ठ नागरिकहरू समेतले बेलाबेलामा भजनमा सहभागिता जनाइरहेको पनि पाइएको छ । तर महिलावर्गको र युवावर्गको सहभागिता ज्यादै न्यून रहेको मात्र नभई कहीँकहीँ शून्य नै रहेको देखिन्छ ।

## भजन सञ्चालन हुने स्थान :

भजन सञ्चालन हुने पाटीपौवा, सत्तल, भजनघरहरू कतिपय मानिसहरूको अतिक्रमणको चपेटामा परेका छन् । पाटीपौवाहरू जीर्ण भएर भत्किएका छन् । त्यसैले यस्ता भजन गर्ने स्थानहरूको अभाव हुन थालेको पनि देखिन्छ । २०७२ सालको महाभूकम्पले समेत कतिपय भजनघर र पाटीपौवालाई पूर्ण क्षति पु-याएकाले भजन सञ्चालन गर्न समस्या भइरहेको छ । तर केही भजनघर र पाटीपौवाहरूको जीर्णोद्धार तथा पुनर्निर्माणको कार्य पनि भइरहेको पाइन्छ ।

## निष्कर्ष र सुझाव :

१. भक्तपुरमा प्राचीन समयदेखि चलिआएका तर हाल लोप भइसकेका र हालसम्म सञ्चालन भइरहेका विभिन्न भजनहरूको तत्काल विस्तृत अध्ययन हुनु जरूरी देखिन्छ ।
२. भजन गुठीहरूको आयस्रोतका रूपमा रहेका जग्गा, घर, पसल इत्यादिमा आइपरेको समस्यालाई निराकरण गरी आयस्रोतलाई मजबुत बनाउन सम्बन्धित सरोकारवालाहरूले आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।
३. भजन हाम्रो धर्म, कला, संस्कृति र सभ्यताका रूपमा रहेकाले यसको संरक्षण, सम्बर्द्धन र जगेर्ना गर्नु अत्यन्त महत्त्वपूर्ण कार्य हो । यसलाई

संरक्षण गर्नु सबैको दायित्व पनि हो । यसतर्फ सबैको ध्यान जानु जरूरी छ ।

४. भजनगायन र वाद्यवादनसम्बन्धी तालिम (प्रशिक्षण) का लागि यहाँका प्रशिक्षक गुरूहरू तथा प्रशिक्षार्थीहरूसमेतलाई आवश्यक आर्थिक सहयोग प्रदान गरी प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

५. भक्तपुरलाई नाचगानको राजधानी भनिएको तथ्यलाई वर्तमान समयमा भक्तपुर पर्यटन केन्द्रका रूपमा पनि स्थापित भइसकेकाले यहाँ स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षित गर्ने गन्तव्यस्थल निर्माण गर्ने एउटा सशक्त माध्यम भजन, कला, संस्कृतिलाई लिनु उपयुक्त हुने देखिन्छ । साँझ-बिहान खुला रूपमा सञ्चालन भइरहेका भजनहरूलाई व्यवस्थित रूपमा परिचालन गर्न सकेमा यहाँ पर्यटकहरूको सङ्ख्या अझ बृद्धि हुने देखिन्छ । पर्यटकको आगमन वृद्धिले गर्दा भक्तपुर नगरपालिकाले पर्यटकसँग लिइराखेको शुल्कको आय वृद्धि हुने, यहाँका पर्यटन व्यवसायीहरू, होटलवाला, लजवाला र पर्यटकहरूका लागि व्यापार गर्ने व्यापारीहरूको व्यापार बृद्धि हुने भएकाले तिनीहरूका तर्फबाट केही रकम भजन, कला, संस्कृति बचाउने कार्यमा लगाई आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउनु उचित देखिन्छ ।

६. भजनगुरूहरू, वाद्यगुरूहरूलाई तिनीहरूले दिने सेवाका आधारमा उचित पारिश्रमिकको व्यवस्था हुनुपर्ने देखिन्छ ।

७. वाद्यसामग्रीहरूको निर्माण गर्न नयाँ पुस्तालाई प्रेरित गराई निर्माणसम्बन्धी तालिम दिनु आवश्यक देखिन्छ ।

८. भजन-सङ्गीतलाई दीर्घजीवन दिन स्वरलिपि तयार पार्नुपर्ने देखिन्छ ।

९. उल्लिखित विभिन्न कार्य गर्न भक्तपुरमा भजनलगायत भक्तिसङ्गीत, कला, नृत्य, भजन साहित्य, वाद्यवादन, प्रशिक्षण, पुस्तकालयसम्बन्धी विषयका सङ्ग्रहालय स्थापना, अध्ययन, अनुसन्धान, प्रकाशन कार्य गर्ने स्वतन्त्र निकायका रूपमा भक्तपुर कला प्रतिष्ठानको स्थापना हुनु अति आवश्यक देखिन्छ ।

# प्रतिवेदक डा. इन्दुल केसीको परिचय

## क) कवितात्मक

## मेरो नजरमा डा. इन्दुल केसी

## दुई थुङ्गा फूल

**- संस्कृतिविद् सत्यमोहन जोशी**

शताब्दीपुरूप, लोकसंस्कृतिविद्, साहित्यकार तथा
तीनपटक मदन पुरस्कार पाउने एक मात्र नेपाली स्रष्टा

विविध भाषाका ज्ञाता
मातृभाषाका पूजारी
विविध उपचारका ज्ञाता
विकल्पका प्रयोगवादी
सच्चा समाजसेवी
बहुमुखी प्रतिभाका धनी
डाक्टर इन्दुल केसी ॥१॥

भजन-कीर्तनका गायक
कविता आदिका लेखक
कलाकृति र संस्कृतिका अनन्य भक्त साधक
सरल स्वभावका मृदुभाषी
क्रियाकर्ममा परोपकारी
व्यक्ति एक प्रतिभा अनेक
डाक्टर इन्दुल केसी ॥२॥

◆◆◆

*(साभार : १. राष्ट्रसंरक्षण साप्ताहिक, वर्ष ९ अङ्क २६*
*२. अरूका आँखामा डा. इन्दुल सङ्कलक ज्यो. पं. रमेश अधिकारीको किताबबाट)*

# अध्ययन तथा अनुसन्धानकर्ताको जीवनवृत्त



नामः डा. इन्दुल केसी (९८४१३३४११३)

जन्ममितिः १९९८ साल मंसिर २७ गते

जन्मस्थान : भक्तपुर नगर-४, मङ्गलाछें

शिक्षा : एमए-बीएल (नेपाल), पोस्ट ग्र्याजुएट (शिक्षाशास्त्र - बेलायत) र पीएचडी (वैकल्पिक उपचार - भारत)

भ्रमण : नेपालका ६० जिल्ला, भारतका सम्पूर्ण प्रान्तहरू, संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, इटाली, स्विटजरल्यान्ड, जापान, थाइल्यान्ड, हङकङ, कतार, इजराय, ग्रीस, ताइपेयी, तिब्बत

पेसा : नेपाल सरकारका विभिन्न ओहोदाहरूमा रही ३० वर्ष सेवा गरी सेवानिवृत्त, शिक्षण, स्वास्थ्योपचार सेवा, कानुनी सेवा, समाजसेवा

प्रशिक्षक : योग तथा प्राकृतिक चिकित्सा, रेकी, सुजोक, इनर्जी हिलिङ, अकुप्रेसर, पत्रकारिता, व्यवस्थापन

आबद्धता : शब्दयात्रा प्रकाशन (आजीवन सदस्य), मङ्गलयोग तथा प्राकृतिक उपचार केन्द्र (निर्देशक), कला-संस्कृति भजन महागुठी (संस्थापक अध्यक्ष), भक्त समाज नेपाल (संस्थापक अध्यक्ष), नेवाः कला-संस्कृति प्रतिष्ठान (संस्थापक अध्यक्ष), विश्वशान्ति ध्यान केन्द्र नेपाल (संस्थापक उपाध्यक्ष), वाद्य संग्रहालय (संस्थापक), व्यवस्थापन तालिम तथा अनुसन्धान केन्द्र MTRC (संस्थापक अध्यक्ष), पथिक हेल्थ फाउन्डेसन नेपाल (निर्देशक), बाराही पीठ विकास समिति (संस्थापक सचिव/अध्यक्ष), स्रष्टा समाज नेपाल (आजीवन सदस्य), त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारी झापा (आजीवन सदस्य), सहिद स्मृति क्यान्सर सेवा केन्द्र (संस्थापक बोर्ड सदस्य), सिद्धिस्मृति महिला तथा बाल अस्पताल (संस्थापक बोर्ड सदस्य), प्रथम योग जिल्ला घोषणा तयारी समिति, भक्तपुर (कार्यसमिति सदस्य), स्वतन्त्र पत्रकार संघ नेपाल, भक्तपुर जिल्ला शाखा (निवर्तमान अध्यक्ष), श्यामसुन्दर भजनघर पुनर्निर्माण समिति (अध्यक्ष), पाशुपत योगाभ्यास स्थल (बोर्ड सचिव), पुनर्यौवन मासिक पत्रिका (प्रधान संम्पादक), राष्ट्रसंरक्षण साप्ताहिक पत्रिका (सल्लाहकार), एबिसिडी खबर मिडिया (बोर्ड सदस्य)


# अक्षर ब्रम्हबाट गरिएको पुण्य कार्य

- प्रा. डा. कृष्णप्रसाद दाहाल (काठमाडौं)
त्रि.वि. पाटन कलेज

'धर्मेण हीन पशुभि समान' अर्थात् धर्मले हीन भएको मानिस पशु समान हुन्छ । अतः धर्मले मानिसलाई मानवत्वको बोध गराई सुमार्गमा हिड्न अभिप्रेरित गरेको हुन्छ । यही वस्तुतथ्यलाई ध्यानमा राखेर डा. इन्दुल केसीले भक्तपुरमा प्रचलित भजनहरू २०७६ र भक्तपुरको ज्ञानमाल भजन अध्ययन प्रतिवेदन २०७७ तयार गरी प्रकाशित गर्नुभएको छ । यी प्रतिवेदनहरूले भक्तपुर भजनकलाका दृष्टिले कति उन्नत र प्रभावशील रहेछ भन्ने कुराको बोध गराएको छ ।

यसका साथै यी कृतिहरूले भक्तपुरको भजन संस्कृति, परम्पराको ऐतिहासिकतालाई उजागर गरेको छ । समग्रमा यो कृति पढ्दा गागरमा सागर प्राप्त गरको अनुभव हुन्छ । यी प्रतिवेदनहरूका प्रस्तोता डा. इन्दुल केसीले आफ्नो लामो अध्ययन र अनुभवलाई खारेर प्रस्तुत गर्नुभएको छ । यस्तो कृतिको लेखन र सम्पादन गर्न इन्दुल केसी नै भएर जन्मनुपर्दछ भनी म उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**भजनमा प्रयोग हुने केही वाद्य साधनहरू**



# भजन गरौं

सत्यनारायण मानन्धर
स्वर तथा सङ्गीत

डा. इन्दुल केसी
रचनाकार

भजन गरौं सबैले, भजन गरौं ।
गुणगान गरौं मनले, गुणगान गरौं।। धु ।।

धर्ममार्गमा लागौं, धर्ममार्गमा लागौं ।
समाजसेवा नै ठूलो धर्म मानौं ।।१।।
भजन गरौं - - -


मातृदेवो भव, पितृदेवो भव ।
सबैको सेवा नै ठूलो धर्म मानौं ।।२।।
भजन गरौं - - -

मर्यादापुरूष रामको आदर्श मानौं ।
अवतारी श्रीकृष्णजीको गीताज्ञान बुझौं ।।३।।
भजन गरौं - - -


बुद्धको सरल शान्तिमार्गमा लागौं ।
उनकै धर्मदर्शन र शीललाई पालन गरौं ।।४।।
भजन गरौं - - -

◆◆◆

# नवनिर्मित श्री श्यामसुन्दर भजन घर



उत्तर मोहडा (नासमना सडक, मङ्गलाछें टोल)



दक्षिण मोहडा (ब्रम्हपुर चोक)

श्री श्यामसुन्दर रासभजन मण्डल नासमना टोल भक्तपुरको भजनघर २०७२ सालको महा-भूकम्पबाट क्षतिग्रस्त भएको थियो । त्यस भजनघरलाई रु.१ करोड २५ लाखको लागतमा पुनर्निर्माण समितिका अध्यक्ष डा. इन्दुल केसीको विशेष सक्रियतामा दरबार हेरचाह कार्यालय भक्तपुरको सहयोग तथा विभिन्न दाताहरुको सहयोगमा पुनर्निर्माणको कार्य सु-सम्पन्न भएको छ ।

# डा. इन्दुल केसीका प्रकाशित कृतिहरू

